# स्थानीय राजस्व परामर्श समितिको प्रतिवेदन

## आ.व. २०८१/०८२

स्थानीय राजश्व परामर्श समिति
बौदीकाली गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
डेढगाउँ, नवलपरासी (ब.सू.पू)

यस बौदीकाली गाउँपालिकाको आर्थिक, सामाजिक, सांकृतिक विकास तथा समृद्धिको लागि राजस्वका नीतिहरु तथा पद्धतीको विकास गर्नु पर्ने, राजस्वका क्षेत्र र दर निर्धारण गर्नु पर्ने तथा राजस्व प्रशासन सुधारका लागि आवश्यक सल्लाह सुझावहरु सिफारिस गर्नु पर्ने भएकाले स्थानीय तहको राजश्व परामर्श समितिको गठन भएको हो ।

आगामी आ.व २०८२/०८३ का लागि पेश हुन गई रहेको यस बौदीकाली गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रम र आर्थिक विधेयकमा समावेश गरिनु पर्ने राजस्व सम्बन्धी विषयहरुमा सुझाव दिने अभिप्रायले यो प्रतिवेदन तयार पारिएको हो ।यसमा राजस्वका दरहरुमा आंशिक फेरवदल गरी थप नयाँ करका क्षेत्रहरु तय गरी दरहरु तोकी सिफारिस गरेको छु ।यस प्रतिवेदनले यस बौदीकाली गाउँपालिकाको दिगो आर्थिक विकासमा उल्लेख्य सहयोग पुग्ने विश्वास छ ।

यो प्रतिवेदन तयार गर्न सहयोग गर्नु हुने संलग्न कर्मचारी तथा अमूल्य सल्लाह सुझाव र विचार प्रदान गर्नु हुने यस समितिका सम्पुर्ण सदस्यहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

..........................................

डिल कुमारी के.सी. सारु मगर

संयोजक

स्थानीय राजस्व परामर्श समिति

१.पृष्ठभूमी ........................................................................३

२.राजश्वको मौजुदा अवस्थाको विश्लेषण........................................४-५

३.राजश्व नीतिहरु........................................................................ ६

४.करका आधारहरु........................................................................७-९

क.संवैधानिक व्यवस्था

ख.कानुनी व्यवस्था

१.अन्तर सरकारी वित्त व्यवस्थापन ऐन ,२०७४

क)कर

ख)गैर कर

२.स्थानीय सरकार संचालन ऐन,२०७४

५.आगामी आ.व.को लागि प्रस्तावित कर तथा गैर कर राजश्वको दरहरु.................... ९-४०

६.आगामी आ.वको लागि अनुमानित कर तथा गैर कर राजश्व रकम.............................. ४१

७.निष्कर्ष तथा सुझावहरु ........................................................... ४२-४३

## १.पृष्ठभूमी

नेपालको मध्य भाग हिम श्रृङखलामा शीर भै दक्षिण पूर्व हुँदै बग्ने काली (कृष्ण ) गण्डकी र महाभारत ले रुचाङ्गमा शीर भै उत्तर तर्फ बग्दै काली नदीमा समाहित हुने बौदी खोलाको सेरोफेरोलाई बौदीकाली भनेर चिनिन्छ । गण्डकी प्रदेशमा पर्ने यो बौदीकाली गाउँपालिकामा साविकका मिथुकरम, डेढगाउँ, रकुवा, रुचाङ्ग, नरम र जौवारी गा.वि.स. को वडा नं. १, २, ३ मिलि बनेको छ । पाल्पा जिल्लाबाट वि.स. २०३२ सालमा नवलपरासी जिल्लामा गाभिएको क्षेत्र हो । यो गाउँपालीकाको पूर्व बुलिङटार, दक्षिण हुप्सेकोट गाउँपालिका पर्दछ भने पश्चिम पाल्पा र उत्तरमा तनहुँ जिल्ला पर्दछ ।

८४.२" देखि ८४. ७" पूर्वी देशान्तर र २४. ४९" देखि २७. ५४" उत्तरी अक्षांश बीच काली नदीको तिर देखि महाभारतको शीरसम्म उत्तर तर्फ पानी ढाल भएर ठडिएको लेक, बेसी, टाकुरा, थुम्की, खोंच, फाँट, देउराली र भन्ज्याङ्ग मिलेर बनेको यो क्षेत्र समुद्री सतहबाट ९० मिटर देखि १७०० मिटर सम्म उचाईमा पर्दछ । वन, जंगल, खोला, खोल्सी, घाँस, बुट्यानले हरियाली यो क्षेत्रको लेकमा सदा सर्वदा चिसो हावा बहन्छ भने बेसी, खोंच र फाँटमा मौसम अनुसार जाडो र गर्मि हुन्छ ।स्थानिय तहको अधिकारको अनुसूची ८ मा उल्लेखित विषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग नेपालको संविधान र गाउँ सभाले बनाएको कानुन बमोजिम हुने, नेपालको स्थानिय तहले आफ्नो अधिकार भित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने संवैधानिक व्यवस्था रहेको छ ।

नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न तथा संघ,प्रदेश,स्थानीय तह विचको सहकारीता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न, लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानुनी राज्य दिगो विकासको अवधारणा अनुरुप समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढिकरण गर्न र स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरि स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको रुपमा हाम्रो गाउँपालिका कृयाशील र प्रतिवद्ध रहेको छ ।

नेपालको संविधान बमोजिम तर्जुमा भएको स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा स्थानीय राजश्व परामर्श समिति र सो समितिको काम, कर्तव्य, र अधिकारको व्यवस्था गरिएको छ। सो ऐनमा व्यवस्था गरिएको काम,कर्तव्य र अधिकारको पालना गर्दै कार्यपालिकालाई आगामी आ.व को राजश्वको अनुमान गर्न, कर राजश्व, गैरकर राजश्व, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धी परामर्श उपलव्ध गराउने सन्दर्भमा यस प्रतिवेदन तयार गरिएको छ ।

## २. राजश्वको मौजुदा अवस्थाको विश्लेषण

| क्र.स | राजश्व संकेत | राजश्व शिर्षक | आ.व २०७८/७९को वास्तविक आय | आ.ब २०७९/८०को वास्तविक आय | आ.ब २०८०/०८१ को वास्तविक आय | आ.ब २०८१/०८२ को चैत्र मसान्त सम्मको आय |
|---|---|---|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | ० | ० | ० | १७९१९४ |
| २ | ११३१४ | भुमिकर/मालपोत | १५७९४३४ | २५२४१।८२ | २४७८२५ | १९९२४२ |
| ३ | ११३१७ | वहाल कर | ३१५२३९ | २०००४४ | ६५४१२ | २५२९८१ |
| ४ | ११३१८ | वहाल विटौरी कर | १८८०४९ | १९७१०२ | ० | ० |
| ५ | ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर | ४४२४५ | ० | २०२५५१ | ० |
| ६ | ११६९१ | अन्य कर | ८६० | ७५९५० | १६९६०८ | ० |
| ७ | १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | | ११२२३०५।१९ | ० | ० |
| ८ | १४११३ | औद्यौगिक निकायबाट प्राप्त ब्याज | ० | ० | ० | १००० |
| ९ | १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | २९५८०९ | ० | ३०१५० | १३७१५० |
| १० | १४२१२ | सरकारी सम्पतिको विक्री वाट प्राप्त आय | १०९७१०० | ६१४६६८४।८२ | ४२६३८१४ | ० |
| ११ | १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ८११९५ | १०६३१७ | १५२५०० | २८५०९०१ |
| १२ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ० | ० | ० | ५० |
| १३ | १४२२१ | न्यायिक दस्तूर | ८०० | ० | १५०० | २७५० |
| १४ | १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | २७०० | ० | ८५०० | १४७०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | १४२२४ | परीक्षा शुल्क | १२५०० | ५२४०० | १२००० | ४७७०० |
| १६ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ० | २९७७० | ० | ६३८५० |
| १७ | १४२४२ | नक्सापास दस्तुर | ० | ० | ५०९१६ | ७३१३४ |
| १८ | १४२४३ | सिफारिश दस्तुर | १४०२९५० | १३२९९८७३ | १८६८२४६ | ८३०३१० |
| १९ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १८६८५० | २८३६०० | ३४०२५६ | २८६८०० |
| २० | १४२४५ | नाता प्रमाणित दस्तुर | १५८६०० | ५४००० | १०४८०० | ६६४०० |
| २१ | १४२४९ | अन्य दस्तुर | ८१६९५ | १०१००० | ८७६२६ | २५४६१८ |
| २२ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ० | ० | ० | ६०२५० |
| २३ | १४२६५ | अन्य क्षेत्रको आय | ० | ० | ० | १५७१४० |
| २४ | १४३११ | न्यायिक दण्ड जरिवाना जफत | ० | ७५००० | १२१५०० | ० |
| २५ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ३६७००० | ८६४५० | २५०००० | १२६०७७ |
| २६ | १४५२९ | अन्य राजस्व | २००१००० | ३०८२७८३ | ० | १९५५० |
| २७ | १४६११ | व्यवसाय कर | २७७९६५ | १९८९८८ | २७२७०० | २१९५०० |
| २८ | १५१११ | बेरूजू | २३२६४५ | ० | २२७५५० | ८२९४५२ |
| | | जम्मा | ८३२६६३६ | १०३४२८४५ | ८४७७४५४ | ६६७२७४७ |

माथि उल्लेखित तालिकालाई विश्लेषण गर्दा गत आ.व २०८०/८१ को कुल आन्तरिक राजश्व रु ८४,७७,४५४ भएकोमा यस आ.व को चैत्र मसान्त सम्म रु ६६,७२,७४७ राजश्व संकलन भएको छ ।

## ३. राजश्वका नीतिहरु

- करको दर समसामयिक बनाई करको दायरा विस्तार गरिनेछ ।
- करदातालाई अनलाईन प्रविधिको प्रयोग गरि प्रविधिमैत्री सहज वातावरणको निर्माण गरि सहज पहुँचमा कर तिर्न मिल्ने व्यवस्था मिलाईने छ ।
- राज्यले लिएको स्वयम् कर निर्धारण तथा स्वच्छिक कर सहभागिता सम्बन्धी नीतिमा जोड दिईने छ ।
- कर लगाउँदा वातावरणीय तथा पर्यावरणीय संरक्षण तर्फ उचित ध्यान दिइनेछ ।
- सम्भाव्य करको क्षेत्र पहिचान गरी कर संकलनको लागी आवश्यक भौतिक पूर्वाधारको विकासमा जोड दिइनेछ ।
- स्थानीय वासिन्दामा कर हाम्रै लागि हो भन्ने भावनाको जागृत गराई तदनुरुप सबै क्षेत्रमा सेवा सुविधाहरु समानरुपमा उपलब्ध गराउने तर्फ विशेष पहल गरिनेछ ।
- आन्तरिक आय उठेको आधारमा रकम विनियोजन गरी जुन क्षेत्रमा रकम प्राप्त भएको छ सोहि आधारमा सोहि क्षेत्रको विकासमा प्राथमिकता दिईनेछ ।
- राजश्वको पहिचान र सम्भाव्यता अध्ययनका लागि स्थानीय राजश्व परामर्श समितिलाई बढि क्रियाशिल गराईने निति लिईनेछ ।
- राजश्व संकलनका सन्दर्भमा आवश्यकता अनुसार स्थानिय प्रशासन, सुरक्षा निकाय तथा विषयगत कार्यालयहरु समेतको सहयोग लिईने निति अबलम्बन गरिनेछ ।
- आन्तरिक आय असुलि सम्बन्धी कुनै विवाद आईपरेमा वा देखिएमा तत्काल समस्या समाधानका लागि राजश्व परामर्श समितिलाई प्रभावकारी रुपमा क्रियाशिल गराईनेछ ।
- गाउँपालिकाको राजश्वको वृद्धिको लागी राजश्वको खोज, सम्भाव्य पहिचान, अनुसन्धान तथा परिचालनमा राजश्व परामर्श समितिलाई थप क्रियाशिल बनाईनेछ ।
- राजश्व वृद्धिमा योगदान पुराउने क्षेत्रको समग्र विकासमा थप प्रभावकारी कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।
- अनधिकृत रुपमा नदि खोलामा पसि नदिजन्य पदार्थको चोरि निकासीमा संलग्न व्यक्ति वा संस्था उपर शुन्य सहनशिलताको सद्धान्त अपनाई कडा कारवाहि गरिने छ ।
- राजश्वको दायरालाई बिस्तार गर्नका लागि एक आ.वमा गाउँपालिका भित्रका पसल व्यवसायहरुको कम्तिमा चार पटक बजार अनुगमन गरिनेछ।
- राजश्वको क्षेत्र बिस्तार गर्न गाउँपालिका भित्र संचालनमा रहेका सबै व्यापार व्यवसायलाई करको दायरामा ल्याईने छ ।

## ४.करका आधारहरु

स्थानीय कर अधिकार सम्बन्धी व्यवस्थाहरु नै स्थानीय करका आधारहरु हुन ।स्थानीय करका सम्बन्धमा नेपालको संविधान, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, तथा स्थानीय सरकार संचालन ऐन २०७४, मा विभिन्न व्यवस्था गरिएका छन । ती देहायअनुसार छनः

क. संवैधानिक व्यवस्था

- आर्थिक अधिकार बमोजिम स्थानीय तहले आफ्नो आर्थिक क्षेत्राधिकारका विषयमा कानुन बनाउन सक्ने,धारा ५९
- कानुन बमोजिम बाहेक स्थानीय तहले कर लगाउन तथा उठाउन नपाउने धारा २२८
- स्थानिय तहले छिमेकी प्रदेश र स्थानीय तहलाई प्रतिकूल नहुने गरि कर लगाउनुपर्ने,धारा २२८
- स्थानीय तहले अनुसुची ८ को ४ नं. बुदा बमोजिम देहायको कर लगाउने अधिकार हुने

  सम्पति कर
  घर बहाल कर
  घरजग्गा रजिष्ट्रेशन शुल्क
  सवारी साधन कर
  सेवा शुल्क दस्तुर
  पर्यटन शुल्क
  विज्ञापन कर
  भुमिकर (मालपोत)
  दण्ड जरिवाना
  मनोज्ञन कर

ख.कानुनी व्यवस्था

१.अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४

- स्थानीय तहले स्थानीय कानुन बमोजिम अनुसूची ३ मा उल्लेखित कर तथा गैरकर लगाउन र उठाउन सक्ने
- अनुसूची ३ बमोजिम कर तथा गैर कर

क) कर

- सम्पत्ती कर
- घर बहाल कर
- घर जग्गा रजिष्ट्रेशन शुल्क
- सवारी साधन कर
- मालपोत कर
- मनोञ्जन कर
- बिज्ञापन कर
- व्यवसाय कर

ख) गैर कर

- सेवा शुल्क
- पर्यटन शुल्क
- दण्ड जरिवाना
-

२.स्थानीय सरकार संचालन ऐन, २०७४

- कानून बमोजिम बाहेक गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्र कुनै कर लगाउन, उठाउन नपाउने, दफा ५४
- गाउँपालिकाले देहायका कर तथा गैर करहरु लगाउन पाउने व्यवस्था रहेको छ
    - सम्पत्ति कर, दफा ५५
    - भुमिकर(मालपात), दफा ५६
    - घरवहाल कर, दफा ५७
    - व्यवसाय कर, दफा ५८

- वहाल विटौरी कर,दफा ५९
- पार्कीङ्ग शुल्क, दफा ६०
- जडीबुटी, कवाडी र जिवजन्तु कर, दफा ६१
- सेवा शुल्क, दफा ६२

➢ प्रदेश र गाउँपालिकाको दोहोरो क्षेत्र भित्रका कर निर्धारण, संकलन, तथा बाँडफाँड देहायानुसार रहेको छ ।

- सवारी साधन करको दर निर्धारण तथा संकलन प्रदेशले गर्ने तर गाउँपालिकाले टाँगा, रिक्सा, अटो रिक्सा, र ई-रिक्साको सवारी करको निर्धारण तथा संकलन गरि आफ्नो संचित कोषमा जम्मा गर्न सक्नेछ ।
- घर जग्गा रजिष्ट्रेशन शुल्कको प्रदेशले निर्धारण गर्ने र सोको संकलन गाउँपालिकाले गर्ने ।
- विज्ञापन करको दरको निर्धारण र संकलन गाउँपालिकाले गर्ने ।
- मनोरञ्जन करको दर निर्धारण प्रदेशले गर्ने र संकलन गाउँपालिकाले गर्ने ।
- पदयात्रा तथा पर्यटन शुल्कको दर निर्धारण र संकलन प्रदेशले गर्ने ।तर उद्यान, पार्क,चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, संग्राहलय जस्ता सम्पदा उपयोगको प्रवेश शुल्क गाउँपालिकाले निर्धारण तथा संकलन गर्न सक्नेछ ।
- ढुङ्गा, गिट्टी, स्लेट, बालुवा, माटो, दहत्तर बहत्तरमा प्रकृतिक स्रोत करको दरको निर्धारण प्रदेशले गर्ने तथा संकलन गाउँपालिकाले गर्ने ।

## ५.आगामी आ.व २०८२/०८३ को लागि प्रस्तावित कर तथा गैर कर राजश्वको दरहरु

## अनुसूची १

सम्पति कर प्रयोजनको लागी भवन र जग्गाको मूल्याकंन करको दर देहाय बमोजिम कायम गरिने छ ।

| क्र.स | भवन र जग्गाको मूल्य | आ.ब. २०८२/०८३ को दर प्रतिशत |
|---|---|---|
| १ | रु.पाचँ लाख सम्मको मूल्याकंनमा | ०.०१०% |
| २ | रु.पाचँ लाख देखि बिस लाख सम्मको मूल्याकंनमा | ०.०१५% |
| ३ | रु.विस लाख देखि पचास लाख सम्मको मूल्याकंनमा | ०.०२०% |
| ४ | रु.पचास लाख देखि एक करोड सम्मको मूल्याकंनमा | ०.०४०% |
| ५ | रु. १ करोड देखि २ करोड सम्मको मूल्याकंनमा | ०.०५०% |
| ६ | २ करोड देखी ३ करोड सम्मको मूल्याकंनमा | ०.१००% |
| ७ | ३ करोड देखी ४ करोड सम्मको मूल्याकंनमा | ०.३००% |
| ८ | ४ करोड भन्दा माथि जतिसुकै मूल्याकंनमा | ०.४५० % |

## अनुसूची २

घर तथा भौतिक संरचनाको बनौटको आधारमा मूल्याकंन दररेट देहाय बमोजिम कायम गरिएको छ ।

| क्र.स | भवनको प्रकार बनौट | आ.व. २०८२/०८३ भवनको मूल्याकंन (प्रति (वर्ग फिट रु.) |
|---|---|---|
| १ | पक्कि घर (आर.सि.सि) फ्रेम स्ट्रक्चर भवनको मूल्याकंन दर | २०००। |

| | | |
|---|---|---|
| २ | भित्र बाहिर पाको ईटा, ब्लक वा ढुंगा माटोको जोडाइ भएको कच्चि घर | १ तले घरको रु.५०। र सो भन्दा बढि तला भएको रु.७५। |
| ३ | भित्र बाहिर पाको ईटा, ब्लक वा ढुंगामा सिमेण्टको जोडाइ भएको जस्तापाताले छाएको घर | १८००। |
| ४ | प्रिफायल भवन, ब्लक वा ढुंगाको गारो भएको गोदाम भवन | १५००। |
| ५ | स्टिल स्ट्रक्चर (ट्रस) भवन | १९००। |

**नोटः माथि उल्लेखित वाहेक अन्य किसिमका संरचना भएमा लागतको आधारमा मिल्दो जुल्दो प्रकार तथा बनोटमा उल्लेखित दरको आधारमा मूल्यांकन गरिनेछ ।**

## अनुसूची ३

### भवनको ह्रास कट्टी प्रतिशत र ह्रास कट्टी गर्ने अवधि

भवनको बनौट र सो मा ह्रास कट्टी गर्ने तरिका समान ह्रास कट्टी पद्धति (Straight Line Method ) अनुसार हुनेछ ।यसको गणना देहाय बमोजिम गरिनेछ ।

| क्र.स | भवनको प्रकार /बनौट | आ.व.२०८२/०८३ को लागि वार्षिक ह्रास | आ.व.२०८२/०८३ लागि ह्रासकट्टी अवधि |
|---|---|---|---|
| १ | भित्र बाहिर पाको ईटा, ब्लक वा ढुङ्गा माटोको जोडाइ भएको कच्चि घर | २% | ३५वर्ष |
| २ | प्रिफायल भवन, ब्लक वा ढंगाको गारो भएको गोदाम भवन | ३% | २५ वर्ष |

| | | | |
|---|---|---|---|
| ३ | भित्र बाहिर पाको ईटा, ब्लक वा ढुङ्गामा सिमेण्टको जोडाइ भएको जस्तापाताले छाएको घर | १.५% | ५० वर्ष |
| ४ | स्टिल स्ट्रक्चर (ट्रस )भवन | २% | ३५ वर्ष |
| ५ | (आर.सि.सि) फ्रेम स्ट्रक्चर भवन | १% | ७५ वर्ष |

# अनुसूची ४

## जग्गाको मुल्याङ्कन

सम्पत्ति करको प्रयोजनको लागि जग्गाको मुल्याकंन तर्फ मुल्याङ्कित दररेट देहाय बमोजिम कायम गर्ने ।

क) हालको वडा नं. १ र ६ (साविक मिथुकरम गा.वि.स र नरम गा.वि.स.)क्षेत्रमा

| क.स. | विवरण | रकम | रकम अक्षरमा |
|---|---|---|---|
| १ | मोटरबाटो भएको जग्गा | २२५०००। | दुइ लाख पच्चिस हजार |
| २ | पिच तथा डेढगाउँ रिङरोडमा पर्ने धनहर तर्फ | ६००००० । | छ लाख |
| ३ | पिच तथा डेढगाउँ रिङरोडमा पर्ने भिट तर्फ | २००००० । | दुई लाख |
| ४ | बाटो नभएको धनहरतर्फ | १०००००। | एक लाख |
| ५ | बाटो नभएको भिटतर्फ | ५५०००। | पचपन्न हजार |

ख) वडा नं. २ र ३ (साविकको डेढगाउँ गा.वि.स. र रकुवा गा.वि.स.) क्षेत्र

| क.स. | विवरण | रकम | रकम अक्षरमा |
|---|---|---|---|
| १ | मोटरबाटो भएको जग्गा | ४५००००। | चारलाख पचास हजार |
| २ | पिच तथा डेढगाउँ रिङरोडमा पर्ने धनहर तर्फ | ६००००० । | छ लाख |
| ३ | पिच तथा डेढगाउँ रिङरोडमा पर्ने भिट तर्फ | २००००० । | दुई लाख |

| | | | |
|---|---|---|---|
| ४ | नहरको पानी लाग्ने जग्गा | ३०००००। | तिन लाख |
| ५ | सो बाहेक बाटो नभएको धनहरतर्फ | ११५०००। | एक लाख पन्ध्र हजार |
| ६ | बाटो नभएको भिटतर्फ | ८५०००। | पचासी हजार |

ग) वडा नं. ४ (साविकको रुचाङ गा.वि.स.) क्षेत्र

| क्र.स. | विवरण | रकम | रकम अक्षरमा |
|---|---|---|---|
| १ | मोटरबाटो भएको जग्गा | २५००००। | दुइ लाख पचास हजार |
| २ | बाटो नभएको धनहरतर्फ | ७५०००। | पचहत्तर हजार |
| ३ | बाटो नभएको भिटतर्फ | ४५०००। | पैचालिस हजार |

घ) वडा नं. ५ (साविक जौबारी गा.वि.स.) क्षेत्र

| क्र.स. | विवरण | रकम | रकम अक्षरमा |
|---|---|---|---|
| १ | पिच बाटो भएको जग्गा | २५००००। | दुइ लाख पचास हजार |
| २ | ग्रावेल बाटोमा पर्ने जग्गा | १०००००। | एक लाख |
| ३ | बाटो नभएको धनहरतर्फ | ७००००। | सत्तरी हजार |
| ४ | बाटो नभएको भिटतर्फ | ५००००। | पचास हजार |

# अनुसूची ५

## मालपोत कर

### १. सास्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र

| जग्गाको क्षेत्रफल | ईकाइ | खेत | पाखो |
|---|---|---|---|
| न्यूनतम (५ रोपनी सम्म) | एक मुष्ट | ३० | २० |
| ६ रोपनी देखि १० रोपनी सम्म | प्रति रोपनी | ६ | ४ |
| ११ रोपनी देखि २० रोपनी सम्म | प्रतिरोपनी | ७ | ५ |
| २१ रोपनी भन्दा माथी | प्रति रोपनी | ८ | ६ |

### २. डुवान क्षेत्र

| जग्गाको क्षेत्रफल | ईकाइ | खेत | पाखो |
|---|---|---|---|
| न्यूनतम (५ रोपनी सम्म) | एक मुष्ट | ३० | २० |
| ६ रोपनी देखि १० रोपनी सम्म | प्रति रोपनी | ६ | ४ |
| ११ रोपनी देखि २० रोपनी सम्म | प्रतिरोपनी | ७ | ५ |
| २१ रोपनी भन्दा माथी | प्रति रोपनी | ८ | ६ |

### ३. भू-उपयोग क्षेत्र

| जग्गाको क्षेत्रफल | ईकाइ | खेत | पाखो |
|---|---|---|---|
| न्यूनतम (५ रोपनी सम्म) | एक मुष्ट | ३० | २० |
| ६ रोपनी देखि १० रोपनी सम्म | प्रति रोपनी | ६ | ४ |
| ११ रोपनी देखि २० रोपनी सम्म | प्रतिरोपनी | ७ | ५ |
| २१ रोपनी भन्दा माथी | प्रति रोपनी | ८ | ६ |

४. वन क्षेत्र

| जग्गाको क्षेत्रफल | ईकाइ | खेत | पाखो |
| --- | --- | --- | --- |
| न्यूनतम (५ रोपनी सम्म) | एक मुष्ट | ३० | २० |
| ६ रोपनी देखि १० रोपनी सम्म | प्रति रोपनी | ६ | ४ |
| ११ रोपनी देखि २० रोपनी सम्म | प्रतिरोपनी | ७ | ५ |
| २१ रोपनी भन्दा माथी | प्रति रोपनी | ८ | ६ |

५. आवासीय क्षेत्र

| जग्गाको क्षेत्रफल | ईकाइ | खेत | पाखो जग्गा |
| --- | --- | --- | --- |
| न्यूनतम (५ रोपनी सम्म) | एक मुष्ट | ३५ | २५ |
| ६ रोपनी देखि १० रोपनी सम्म | प्रति रोपनी | ७ | ५ |
| ११ रोपनी देखि २० रोपनी सम्म | प्रतिरोपनी | ८ | ६ |
| २१ रोपनी भन्दा माथी | प्रति रोपनी | ९ | ७ |

६. व्यवसायीक क्षेत्र

| जग्गाको क्षेत्रफल | ईकाइ | खेत | पाखो |
| --- | --- | --- | --- |
| न्यूनतम (५ रोपनी सम्म) | एक मुष्ट | ५० | ४० |
| ६ रोपनी देखि १० रोपनी सम्म | प्रति रोपनी | ९ | ७ |
| ११ रोपनी देखि २० रोपनी सम्म | प्रतिरोपनी | १० | ८ |
| २१ रोपनी भन्दा माथी | प्रति रोपनी | ११ | ९ |

७. सार्वजनिक उपयोग क्षेत्र

| जग्गाको क्षेत्रफल | ईकाइ | खेत | पाखो जग्गा |
| --- | --- | --- | --- |
| न्यूनतम (५ रोपनी सम्म) | एक मुष्ट | ३० | २० |
| ६ रोपनी देखि १० रोपनी सम्म | प्रति रोपनी | ६ | ४ |
| ११ रोपनी देखि २० रोपनी सम्म | प्रतिरोपनी | ७ | ५ |
| २१ रोपनी भन्दा माथी | प्रति रोपनी | ८ | ६ |

८. औधोगीक क्षेत्र

| जग्गाको क्षेत्रफल | ईकाइ | खेत | पाखो |
|---|---|---|---|
| न्यूनतम (५ रोपनी सम्म) | एक मुष्ट | ५० | ४० |
| ६ रोपनी देखि १० रोपनी सम्म | प्रति रोपनी | ९ | ७ |
| ११ रोपनी देखि २० रोपनी सम्म | प्रतिरोपनी | १० | ८ |
| २१ रोपनी भन्दा माथी | प्रति रोपनी | ११ | ९ |

९. खनिज क्षेत्र

| जग्गाको क्षेत्रफल | ईकाइ | खेत | पाखो |
|---|---|---|---|
| न्यूनतम (५ रोपनी सम्म) | एक मुष्ट | ३५ | २५ |
| ६ रोपनी देखि १० रोपनी सम्म | प्रति रोपनी | ७ | ५ |
| ११ रोपनी देखि २० रोपनी सम्म | प्रतिरोपनी | ८ | ६ |
| २१ रोपनी भन्दा माथी | प्रति रोपनी | ९ | ७ |

१०. कृषि क्षेत्र

| जग्गाको क्षेत्रफल | ईकाइ | खेत | पाखो |
|---|---|---|---|
| न्यूनतम (५ रोपनी सम्म) | एक मुष्ट | ३० | २० |
| ६ रोपनी देखि १० रोपनी सम्म | प्रति रोपनी | ६ | ४ |
| ११ रोपनी देखि २० रोपनी सम्म | प्रतिरोपनी | ७ | ५ |
| २१ रोपनी भन्दा माथी | प्रति रोपनी | ८ | ६ |

११. अन्य क्षेत्र

| जग्गाको क्षेत्रफल | ईकाइ | खेत | पाखो |
|---|---|---|---|
| न्यूनतम (५ रोपनी सम्म) | एक मुष्ट | ३० | २० |
| ६ रोपनी देखि १० रोपनी सम्म | प्रति रोपनी | ६ | ४ |
| ११ रोपनी देखि २० रोपनी माथी | प्रतिरोपनी | ७ | ५ |
| २१ रोपनी भन्दा माथी | प्रति रोपनी | ८ | ६ |

नोटः मालपोत करको मूल्यको प्रति वर्ष १०% थप हर्जना लाग्ने छ ।

मालपोत जरिवाना (चालु आ.व को दस्तुरको आधारमा )

| अवधि | जरिवाना |
|---|---|
| १ वर्षको | १० % थप |
| २ वर्षको | २० % थप |
| ३ वर्षको | ३० % थप |
| ४ वर्षको | ४० % थप |
| ५ वर्षको | ५० % थप |
| ६ वर्षको | ६० % थप |
| ७ वर्षको | ७० % थप |
| ८ वर्षको | ८० % थप |
| ९ वर्षको | ९० % थप |
| १० वर्षको | १०० % थप |
| १० वर्ष भन्दा बढी जतिसुकै भएमा १०० % | |

## अनुसूची ६

### घर जग्गा बहाल कर

| क्र.स | विवरण | आ.व. २०८२।०८३ लागि घरजग्गा बहाल कर |
|---|---|---|
| १ | गाउँपालिका क्षेत्रभित्र कुनै घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड कारखाना, जग्गा लगायत सबै प्रकारको प्रयोजनको लागि बहालमा दिएकोमा | वहाल रकमको १० प्रतिशत बहालकर (मासिकरुपमा सम्झौता बमोजिम रकमको) |

नोट : यस बौदीकाली गाउँपालिका भित्र उपभोक्ता समिति मार्फत निर्माणमा प्रयोग हुने निर्माण उपकरण व्याक हो लोडर, एक्साभेटर, डोजर आदिको बहाल कर वापत १० प्रतिशत कर छुट हुनेछ ।

# अनुसूची ७

| व्यवसाय कर | | |
|---|---|---|
| सि.न. | विवरण | आ.ब. २०८२/८३को लागि करका दरहरु (रु.) |
| १. व्यापारिक बस्तु | | |
| १.१ | सुनचाँदी पसल | ५०००। |
| १.२ | साईकल पसल | १५००। |
| १.३ | मोटरसाईकल वर्कसप | ५०००। |
| १.४ | ट्याक्टर वर्कसप | ५५००। |
| १.५ | चारपाङ्ग्रे हलुका सवारी वर्कसप | ६०००। |
| १.६ | बस तथा ट्रक वर्कसप | १००००। |
| १.७ | हार्डवेयर पसल | १००००। |
| १.८ | रंगरोगन तथा सिसा पसल | ३०००। |
| १.९ | पेट्रोल पम्प | १५०००। |
| १.१० | कम्प्युटर, विजुलीका सामान, क्यामेरा, टिभी पसल | २५००। |
| १.११ | दैनिक उपभोग्य सामानको थोक विक्रता | २०००। |
| १.१२ | फलफूल तथा तरकारी पसल | ५००। |
| १.१३ | सुती / उन पसल | १०००। |
| १.१४ | कपडा पसल | ३०००। |
| १.१५ | किराना पसल | २०००। |
| १.१६ | घुमुवा व्यापारी प्रति महिना प्रति वार्ड (हिडेर) | २००। |
| १.१७ | घुमुवा व्यापारी प्रति महिना प्रति वार्ड (दुइपाङग्रे सवारी) | ५००। |

| | | |
|---|---|---|
| १.१८ | घुमुवा व्यापारी प्रति महिना प्रति वार्ड (चारपाङ्ग्रे) | ७५०। |
| १.१९ | घुमुवा व्यापारी प्रति महिना प्रति वार्ड (चारपाङग्रे भन्दा माथी) | १०००। |
| १.२० | टायर पसल तथा मर्मत केन्द्र | २०००। |
| १.२१ | मार्ट/डिपार्टमेन्ट स्टोर | ३०००। |
| २. निर्माण व्यवसाय | | |
| २.१ | निर्माण व्यवसाय "क" वर्ग | २५०००। |
| २.२ | निर्माण व्यवसाय "ख" वर्ग | २००००। |
| २.३ | निर्माण व्यवसाय "ग" वर्ग | १५०००। |
| २.४ | निर्माण व्यवसाय "घ" वर्ग | १००००। |
| २.५ | मेसिन, हेवि उपकरण संचालन अनुमति | ८००० । |

नोट २.१ देखि २.४ मा नपर्ने २.५ को हकमा व्याक हो लोडर, जे.सि.वि जस्ता उपकरण संचालन गर्न इजाजत लिनु पर्ने ।

| | | |
|---|---|---|
| ३. उत्पादनमुलक उद्योग | | |
| ३.१ | चाउमिन/ चाउचाउ उद्योग | २०००।- |
| ३.२ | मैनबत्ती उद्योग | १०००। |
| ३.३ | कापी उद्योग | १०००। |
| ३.४ | आइसक्रिम उद्योग | १०००।— |
| ४. उर्जामुलक उद्योग | | |
| ४.१ | हाईड्रो पावर प्रा.लि. | २५०००। |
| ४.२ | वायु/सौर्य उर्जा/ साना जलविद्युत केन्द्र | ५०००।- |
| ४.३ | कोईला उद्योग र अन्य उर्जामूलक उद्योगहरु | ४५००। |

| | | |
|---|---|---|
| ५ कृषि तथा बनजन्य उद्योग | | |
| ५.१ | कुटानी पिसानी सहितको तेल पेल्ने मिल | १५००। |
| ५.२ | कुटानी पिसानी मिल | १०००। |
| ५.३ | फर्निचर उद्योग | ५०००। |
| ५.४ | पशु दाना उद्योग | १०००। |
| ५.५ | कृषि तथा पशुपन्छी पालन तर्फ सबै प्रकारका फर्म | १०००। |
| ५.६ | कृषि तथा पशुपन्छी सहकारी | १५००। |
| ५.७ | स-मिल | ३५००। |
| ५.८ | जुस तथा अन्य जुस/पेय पदार्थ उद्योग | ५००। |
| ५.९ | मसला मिल | ५००। |
| ५.१० | कृषि तथा पशुपन्छी समूह | ५००। |
| ५.११ | अदुवा सोठी व्यवसाय | १५००। |
| ६. सबै प्रकारका खनिज उद्योगहरु | | १५०००। |
| ७. होटल लज रेष्टुरेन्ट बार क्याफे भोजनालय मिष्ठान्न भण्डार | | |
| ७.१ | होटल एण्ड लज | २५००। |
| ७.२ | रेष्टुरेन्ट, भोजनालय | २०००। |
| ७.३ | रिसोर्ट | १००००। |
| ७.४ | साना चिया/खाजा/खाना पसल | १०००। |
| ७.५ | मिष्ठान्न भण्डार | १०००। |
| ८. सेवा उद्योग | | |
| ८.१ | अफसेट प्रेस | ५०००। |

| | | |
|---|---|---|
| ८.२ | लेटर प्रेस | १०००। |
| ८.३ | चलचित्र भिडियो | २५००। |
| ८.४ | सार्वजनिक परिवहन सेवा बौदीकाली गाउँपालिकाभित्र प्रधान कार्यालय भएको | १००००। |
| ८.५ | सार्वजनिक परिवहन सेवा बौदीकाली गाउँपालिकाभित्र शाखा कार्यालय भएको | ५०००। |
| ८.६ | फोटोग्राफी व्यवसाय | २०००। |
| ८.७ | प्रयोगशाला | २५००। |
| **९. निर्माण उद्योग** | | |
| ९.१ | सिमेन्ट ब्लक उद्योग | ३०००। |
| ९.२ | मेटल/ग्रिल/अल्मुनियम उद्योग | ३०००। |
| ९.३ | ढुङ्गा उद्योग | ४०००। |
| ९.४ | ईटा उद्योग | ५०००। |
| ९.५ | पानी उद्योग | १०००। |
| **१०. सञ्चार सेवा** | | |
| १०.१ | निजी मोबाइल सेवा केन्द्र | २०००। |
| १०.२ | निजी टेलिफोन तथा फ्याक्स, फोटोकपी सेवा | १०००। |
| १०.३ | मोवाईल मर्मत केन्द्र | २०००। |
| १०.४ | कुरियर सेवा | २०००। |
| १०.५ | साईवर सेवा | २०००। |
| १०.६ | स्क्रीन प्रिन्ट तथा प्रकाशन | २०००। |

| | | |
|---|---|---|
| ११ वित्तिय सेवा | | |
| ११.१ | आर्थिक कारोबार गर्ने वित्तिय कम्पनीको मुख्य कार्यालय | ५००००। |
| ११.२ | आर्थिक कारोबार गर्ने वित्तिय कम्पनीको शाखा कार्यालय | २५०००। |
| ११.३ | विमा कम्पनी | १५०००। |
| ११.४ | विदेशी मुद्रा सटही | ५०००। |
| ११.५ | मनी ट्रान्सफर | ५०००। |
| ११.६ | धितोपत्र कारोवार | १५०००। |
| ११.७ | सहकारी बैक | १००००। |
| ११.८ | निजी क्षेत्रका वाणिज्य बैंकहरु | २००००। |
| ११.९ | निजी क्षेत्रका विकास बैंकहरु | २००००। |
| ११.१० | सरकारी क्षेत्रका वाणिज्य तथा विकास बैंकहरु | २००००। |
| ११.११ | सहकारी संस्था | २०००। |
| ११.१२ | समुदायमा आधारित संस्था दर्ता | ५००। |
| ११.१३ | बचत तथा ऋण सहकारी | २००० । |
| ११.१४ | वित्त वित्तीय संस्था | ८०००। |
| ११.१५ | लघुवित्त वित्तीय संस्था | ६०००। |
| १२ स्वास्थ्य सेवा | | |
| १२.१ | गैह्र सरकारी अस्पताल | २००००। |
| १२.२ | सामुदायिक अस्पताल | ५०००। |
| १२.३ | निजी अस्पताल | ३००००। |
| १२.४ | नर्सिङ होम | १५०००। |

| | | |
|---|---|---|
| १२.५ | ल्याव तथा क्लिनिक | १००००। |
| १२.६ | औषधि पसल | ५०००। |
| १२.७ | जडी बुटी पसल | ३०००। |
| १२.८ | पशु स्वास्थ्य औषधी पसल | २०००। |
| १३. विशेषज्ञ / परामर्श तथा अन्य व्यावसायिक सेवा | | |
| १३.१ | चिकित्सक | ५०००। |
| १३.२ | दन्त चिकित्सक | ५०००। |
| १३.३ | पशु चिकित्सक | ३०००। |
| १३.४ | ईन्जिनियर | ५०००। |
| १३.५ | कानून व्यवसायी | ५०००। |
| १३.६ | लेखापरिक्षक "क" वर्ग | ८०००। |
| १३.७ | लेखापरिक्षक "ख" वर्ग | ७०००। |
| १३.८ | लेखापरिक्षक "ग" वर्ग | ६०००। |
| १३.९ | लेखापरिक्षक "घ" वर्ग | ५०००। |
| १३.१० | विमा एजेन्ट | ३०००। |
| १३.११ | सर्भेयर | ५०००। |
| १३.१२ | अनुवादक | ३०००। |
| १३.१३ | नोटर पब्लिक सेवा | ५०००। |
| १३.१४ | अनुसन्धानकर्ता | ४०००। |
| १३.१५ | सामान ढुवानीकर्ता कम्पनी | ५०००। |
| १३.१६ | संस्थागत पेन्टर | ५०००। |

| | | |
|---|---|---|
| १४. शिक्षा सेवा | | |
| १४.१ | निजी क्षेत्रका क्याम्पस | २०००। |
| १४.२ | निजी क्षेत्रका मा.वि. | १५०००। |
| १४.३ | निजी क्षेत्रका आ.वि. | १००००। |
| १४.४ | निजी क्षेत्रका प्रा.वि. | ७०००। |
| १४.५ | निजी क्षेत्रका पुर्व प्रा.वि. | २५००। |
| १४.६ | निजी क्षेत्रका होस्टेलहरु | १००००। |
| १४.७ | तालिम तथा अनुसन्धान केन्द्र | ८०००। |
| १४.८ | प्राविधिक शिक्षालय | १००००। |
| १४.९ | कम्प्युटर प्रशिक्षण केन्द्र | ५०००। |
| १४.१० | ट्युशन तथा कोचिङ सेन्टर | ५०००। |
| १४.११ | भाषा प्रशिक्षण केन्द्र | ५०००। |
| १५ मर्मत सम्भार केन्द्र | | |
| १५.१ | बस/ट्रक/कार/जीप | १००००। |
| १५.२ | मोटरसाईकल | ५०००। |
| १५.३ | साईकल तथा अन्य | ३०००। |
| १५.४ | रेडियो/टिभि/घडी/अन्य विद्युतिय सामान | २०००। |
| १६ अन्य सेवा | | |
| १६.१ | विज्ञापन एजेन्सी | ५०००। |
| १६.२ | वैदेशिक रोजगार सेवा | १००००। |
| १६.३ | स्वदेशी रोजगार सेवा | २५००। |
| १६.४ | ब्युटी पार्लर | १५००। |

| | | |
|---|---|---|
| १६.५ | ड्राई क्लिनर्स | १०००। |
| १६.६ | फोटो स्टुडियो | १०००। |
| १६.७ | साईनबोर्ड पेन्टिङ सेवा | २०००। |
| १६.८ | पशु वधशाला | १०००। |
| १६.९ | हाउजिङ कम्पनी तथा घरजग्गा खरिद बिक्री | २०००। |
| १६.१० | टेन्ट हाउस, क्याटरीङ | १०००।- |
| **१७ मासु पसल** | | |
| १७.१ | सबै प्रकारका माछ तथा मासु पसल - | १५००। |
| **१८. माथिको बर्गीकरणमा नपरेका विविध** | | |
| १८.१ | सिलाई केन्द्र/ सिलाई प्रशिक्षण केन्द्र | १०००। |
| १८.२ | कवाडी | ३०००। |
| १८.३ | टेलर्स | १०००। |
| १८.४ | जुत्ता पसल | १५००। |
| १८.५ | भाँडा पसल | २०००। |
| १८.६ | चुरा पसल टङ्कीमा राखेको | ५००। |
| १८.७ | काठ तथा स्टील फर्निचर पसल | ५०००। |
| १८.८ | चस्मा पसल | २०००। |
| १८.९ | मेशिनरी पार्टपुर्जा पसल | ५०००। |
| १८.१० | हजाम पसल | १०००। |
| १८.११ | ड्राईभिङ्ग ईन्स्टिच्युट | ५०००। |
| १८.१२ | पान पसल | ५००। |

| | | |
|---|---|---|
| १८.१३ | डिटिजल कलर ल्याव | २०००। |
| १८.१४ | अडियो/भिडियो/ क्यासेट सेन्टर | १०००। |
| १८.१५ | दुग्ध सहकारी संघ | २०००। |
| १८.१४ | दुग्ध डेरी | ५००। |
| १८.१७ | स्यानीटरी सामानको पसल | २०००। |
| १८.१८ | ग्याँस सिलिण्डर विक्रेता | ३०००। |
| १८.१९ | कोल्ड ड्रिक्स पसल | १५००। |
| १८.२० | कस्टमेटीक पसल | १०००।- |
| १८.२१ | स्टेशनरी होलसेल | ५०००। |
| १८.२२ | स्टेशनरी पसल | २०००। |
| १८.२३ | पत्रपत्रिका पसल | १०००। |
| १८.२४ | अन्य साना पसलहरु | १०००। |
| १८.२५ | कन्सल्टेन्सी एवं परामर्श सेवा | ५०००। |
| १८.२६ | कृषि/फलफूल/वन नर्सरी व्यवसाय | ५००। |
| १८.२७ | कृषि बिउविजन भण्डार | ५००। |
| १८.२८ | केवल लाईन प्रसारण | ५०००। |
| १८.२९ | एफएम रेडियो प्रसारण | ५०००। |
| १८.३० | एफएम रेडियो सामुदायिक | ३०००। |
| १८.३१ | ट्र्याक्की पसल | ५००। |
| १८.३२ | मदिराजन्य पसल | ५०००। |
| १८.३३ | केवुल, नेटवर्किङ | ५०००। |

| | | |
|---|---|---|
| १८.३४ | क्रशर उद्योग | ३५०००। |
| १८.३५ | ट्याक्टर बाट ढुवानी (प्रति महिना) | ५००। |
| १८.३६ | सस्था दर्ता | ५०००। |
| १८.३७ | खानेपानी तथा सरसफाइ संस्था (नयाँ मुल तथा मुहान) | १०००। |
| १८.३८ | व्यवसाय/फर्म/समूह दर्ता प्रमाणपत्र प्रतिलिपि (अन्य प्रशासनिक सेवा शुल्क) | ५००। |
| १८.३९ | आमा समूह/विभिन्न क्लब/ खेलकुद तथा अन्य सबै प्रकारका समूहहरु | १०००। |
| **१९. अन्य व्यवसायः** | | |
| १९.१ | पार्क, पिकनिक स्पट | ५००। |
| १९.२ | टुर अपरेटर | १५००। |
| १९.३ | मसाज पार्लर | १५००। |
| १९.४ | जिम सेन्टर | १५००। |
| १९.५ | प्लाई पसल | २०००। |
| **२०. पर्यटन व्यवसाय** | | |
| २०.१ | र्याफ्टिङ | ५०००। |
| २०.२ | प्याराग्लाईडीङ्ग | ५०००। |
| माथिको वर्गीकरणमा समावेश नभएका सेवा, व्यवसायको कारोवार र स्तर हेरी गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम वार्षिक रु.५००। देखी रु.२०००। सम्म कर । साथै बहु आयामिक व्यापार भएमा वार्षिक रु.४०००। रुपैया लाग्नेछ । | | |

**नोट :** (१) माथि उल्लेखित छुट हुन गएका ब्यबसायहरुलाई ब्यबसायको प्रकृति हेरी उल्लेखित बिषयसंग मेल खाने किसिमको दरमा रु.१००० देखि रु. ५००० सम्म लिने ।

(२) सबै प्रकारको व्यवसायको वार्षिक नविकरण दस्तुर दर्ता दस्तुरको ५० प्रतिशत रकम हुनेछ र प्रत्येक बर्षको असोज मसान्त सम्ममा व्यवसाय नविकरण नगरेमा जरिवाना वापत दर्ता शुल्कको २५ प्रतिशत जरिवाना लाग्नेछ ।

(३) अपाङ्गता सम्बन्धि समुह दर्ता तथा नविकरण निःशुल्क गराइने छ ।

| अनुसूची ८ | |
|---|---|
| जडिबुटी, कवाडी र जीवजन्तु कर | आ.ब. २०८२/८३ को लागि करका दरहरु (रु.) |
| जडिबुटी | बार्षिक रु. ८०००। |
| कवाडी | बार्षिक रु. १६०००। |
| जीवजन्तु कर | बार्षिक रु. ८०००। |

| अनुसूची ९ | | |
|---|---|---|
| सवारी दर्ता वार्षिक सवारी करः | | |
| १. सवारी दर्ता तथा वार्षिक सवारी करः | | आ.ब. २०८२/८३ को लागि करका दरहरु (रु.) |
| क. | बस, ट्रक, लहरी र अन्य गाडी | ५०००। |
| ख. | भाडाको कार र जीप | ३०००। |
| ग. | भाडाको टेम्पो | १०००। |
| घ. | भाडाको मिनिबस | २०००। |
| ङ. | निजी कार, टेम्पो, मिनिबस | १०००। |
| च. | स्कुटर, मोटरसाइकल तथा अन्य | ८००। |
| छ. | ठेलागाडा तथा रिक्सामा | ५००। |
| पुनश्चः कुनै एक बौदीकाली गाउँपालिकाले सवारी दर्ता तथा वार्षिक सवारी कर लिएपछि अर्को गाउँपालिकाले यस्तो सवारी दर्ता तथा वार्षिक सवारी कर लिन नपाउने व्यवस्था गर्ने । | | |
| २. पटके सवारी करः | | |
| बौदीकाली गाउँपालिकाले आफैंले बनाएको वा आफूलाई हस्तारन्तरण भई आएको सडकमा देहाय बमोजिम पटके सवारी कर लगाउन सक्नेछ। | | |
| निजी तथा भाडाका बस, ट्रक, र ट्याक्टर | | १००। |
| मिनिवस/जीप/पिकअप | | ७०। |
| निजी तथा भाडाका कार, टेम्पो | | १००। |

| | |
|---|---|
| अन्य सवारी | १००। |

| अनुसूची १० | |
|---|---|
| विज्ञापन कर: | |
| | आ.ब. २०८२/८२ को लागि करका दरहरु (रु.) |
| बौदीकाली गाउँपालिका क्षेत्र भित्र राखिने विभिन्न व्यापारिक विज्ञापन बोर्डहरुमा प्रति वर्ग फिट | १००। |
| अस्थायी व्यवसायिक व्यानरहरुमा प्रति हप्ता | ५००। |
| व्यवसायिक प्रचारप्रसार जीप/बाईक/रिक्साबाट माईकिङमा | ५००। |

## अनुसूची ११

विज्ञापन कर :- प्रदेश कानूनले तोके बमोजिम ।

## अनुसूची १२

मनोरञ्जन कर :-प्रदेश कानूनले तोके बमोजिम ।

## अनुसूची १३

बहाल बिटौरी कर

क. ऐलानी तथा सार्वजनिक स्थलको उपयोग

| क्र.स | स्थान | शुल्क |
|---|---|---|
| १ | गाउँपालिका क्षेत्रका सडकको दायाँ बायाँको जग्गा उपभोग गरे बापत | बजार क्षेत्रमा प्रति रोपनी न्यूनतम मासिक रु २०० र अन्य क्षेत्रमा न्यूनतम मासिक रु.१५० |
| २ | सार्वजनिक स्थलमा पटके रुपमा उपयोग गरे बापत | प्रति वर्गफिट दैनिक रु.४० |

ख. स्थायी हाटबजार र घुम्ती पसल (पटके रुपमा)

| क्र.सं | व्यापार र व्यवसाय र कारोबार | शुल्क रु (पटके रुपमा) |
|---|---|---|
| १ | फलफूल तथा तरकारी | ३० |
| २ | माछा तथा मासु | ९० |
| ३ | फेन्सी तथा कपडा | ५० |
| ४ | भाडाकुँडा | ५० |
| ५ | इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स | ५० |
| ६ | सेवामूलक व्यवसाय | ३० |
| ७ | किराना तथा खाद्यान्न | ४० |
| ८ | अन्य | ३० |

## अनुसूची १४

### सेवा शुल्क, दस्तुर

### मुल्याङ्कन सेवा शुल्क

सम्पत्ति मुल्यांकन तथा आयश्रोत प्रमाणितमा पहिलो पटक मुल्यांकन गर्दा मुलयाँकन शुल्क लाग्ने र सोही आ.ब. मा सोही व्यक्तिबाट सोही विवरण बमोजिम उल्लेखित मुल्यांकन पुनः प्रमाणितको सिफारिस माग भई आएमा दोस्रो पटक मुल्यांकन गर्दा शुरुमा लागेको सेवा शुल्कको २५.%, तेस्रो पटक ७५% र सो भन्दा बढी पटक भएमा १००% सेवा शुल्क लाग्नेछ।

| | | आ.ब. २०८२/८३ को लागि करका दरहरु (रु.) |
|---|---|---|
| सम्पत्ति मुल्यांकन | रु. १ करोड सम्म प्रमाणित गर्दा | ०.१ प्रतिशत |
| आयश्रोत प्रमाणित | रु. १ करोड सम्म प्रमाणित गर्दा | ०.१ प्रतिशत |
| सम्पत्ति/आयश्रोत प्रमाणित | रु. १ करोड भन्दा माथिको लागि थप | ०.१ प्रतिशत |

# अनुसूची १५

## सिफारिस, सेवा शुल्क, अनुमति तथा प्रमाणिकरणको विवरण

| सिफारिस दस्तुर | | आ.ब. २०८२/८३ को लागि करका दरहरु (रु.) |
|---|---|---|
| १ | वंशजको आधारमा नागरिकता सिफारिस | १५०। |
| २ | जन्मको आधारमा नागरिकता सिफारिस | १५०। |
| ३ | नेपाली पुरुषसँग विवाह गर्ने विदेशी महिलाको नागरिकता सिफारिस | २५००। |
| ४ | नागरिकताको प्रतिलिपी सिफारिस | ५५०। |
| ५ | नागरिकताको संसोधन सिफारिस | ५५०। |
| ६ | नाता प्रमाणित- नेपाली र अंग्रेजी क्रमशः | २००। र ५००। |
| ७ | विद्युत सिफारिस | २००। |
| ८ | थ्री फेजको विद्युत सिफारिस | १०००। |
| ९ | नाम संसोधन/नाम छुट/दुई नाम सिफारिस | ५५०। |
| १० | जन्म मिति प्रमाणित | ५००। |
| ११ | स्थायी वा अस्थायी बसोबास सम्बन्धी सिफारिस क्रमशः | ५००।/- र २००। |
| १२ | नामथर/ जन्ममिति संसोधन सिफारिस | ५००। |
| १३ | घरजग्गा नामसारी सिफारिस | ५००। |
| १४ | सम्बन्ध विच्छेद भएको सिफारिस | १०००। |
| १५ | फुकुवा सिफारिस | ५००। |
| १६ | पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस | ५००। |
| १७ | हकवाला संरक्षण सिफारिस | २००। |
| १८ | नक्कल प्रमाणित दस्तुर मालपोत रसिद समेत | १००। |
| १९ | व्यवसाय दर्ता प्रमाणपत्रको नक्कल प्रति | ५००। |
| २० | व्यवसाय दर्ता लगत कट्टाको सिफारिस | ५००। |
| २१ | घरनक्सा नामसारी | ५००। |
| २२ | घर निर्माण सम्पन्न सिफारिस RCC | १०००। |

| | | |
|---|---|---|
| २३ | घर निर्माण सम्पन्न सिफारिस (कच्ची) | २५०। |
| २४ | निजी क्षेत्रको रुख कटान सिफारिस | १५००। |
| २५ | मिलापत्र दस्तुर | १०००। |
| २६ | नाबालक सिफारिस | २००। |
| २७ | घटना दर्ता सिफारिस | २५०। |
| २८ | विभिन्न दलित, जनजाती तथा थर सिफारिस | १५०। |
| २९ | कर चुक्ता सिफारिस | २५०। |
| ३० | पारिवारिक विवरण सिफारिस | ५००। |
| ३१ | खानेपानी सम्बन्धी सिफारिस | २५०। |
| ३२ | उद्योग सिफारिस (साना) | १०००। |
| ३३ | उद्योग सिफारिस (मझौला) | १५००। |
| ३४ | उद्योग सिफारिस (ठुलो) | २०००। |
| ३५ | निजी विद्यालय संचालन तथा कक्षा थप अनुमतिको सिफारिसः | |
| | आधारभूत | २०००। |
| | माध्यमिक-१० कक्षासम्म | ४०००। |
| | माध्यमिक-१२ कक्षासम्म | ८०००। |
| | स्नातक | १६०००। |
| ३६ | वैदेशिक प्रयोजनका लागि अंग्रेजीमा गरिने सबै प्रकारका सिफारिस नाता प्रमाणित समेत | ५००। |
| ३७ | चारकिल्ला प्रमाणित | ५००। |
| ३८ | संस्था दर्ता सिफारिस | ५००। |
| ३९ | घर ढलान/ निर्माण गर्दा बाटो प्रयोग सम्बन्धी सिफारिस | २०००। |
| ४० | सर्जमिन/वडा मुचुल्का दस्तुर | ५००। |
| ४१ | माथि उल्लेखित बाहेक सबै प्रकारका सिफारिस | ५००। |
| ४२ | सामान्य सिफारिस (माथि उल्लेखित बाहेक) | २००। |
| ४३ | समूह दर्ता सिफारिस | ५००। |
| ४४ | समूह नवीकरण सिफारिस | ३००। |

| | | |
|---|---|---|
| ४५ | संस्था नवीकरण सिफारिस | ३००। |
| ४६ | व्यवसाय दर्ता सिफारिस (सिफारिसका लागि मात्र) | |
| | कुल पुँजी ५ लाख सम्म | १०००। |
| | कुल पुँजी ५ लाख देखी १० लाख सम्म | १५००। |
| | कुल पुँजी १० लाख देखी २० लाख सम्म | ३०००। |
| | कुल पुँजी २० लाख देखी माथी सबै | ५५००। |
| ४७ | व्यवसाय नविकरणको सिफारिस (सिफारिसका लागि मात्र) | |
| | कुल पुँजी ५ लाख सम्म | ५००। |
| | कुल पुँजी ५ लाख देखी १० लाख सम्म | ७५०। |
| | कुल पुँजी १० लाख देखी २० लाख सम्म | १५००। |
| | कुल पुँजी २० लाख देखी माथी सबै | २५००। |
| ४८ | मोही लगत कट्टा सिफारिस | १०००। |
| ४९ | छात्रवृत्ति सिफारिस | निशुल्क |
| ५० | विपन्न विद्यार्थी ,राहात उद्दार सम्बन्धी , दिर्घ रोगी वा खास रोग सम्बन्धी, योजना माग सम्बन्धी सिफारीस | निःशुल्क |
| ५१ | अपाङ्गता सिफारिस | निःशुल्क |
| ५२ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | २०००। |
| ५३ | आर्थिक अवस्था कमजोर वा विपन्न प्रमाणित | निः शुल्क |
| ५४ | धारा जडान सिफारिस | २००। |
| ५५ | जिवित रहेको सिफारिस | ५००। |
| ५६ | व्यवसाय बन्द सिफारिस | ५००। |
| ५७ | व्यापार व्यवसाय संचालन नभएको सिफारिस | ५००। |
| ५८ | कोर्ट फि मिनाहा सिफारिस | २००। |
| ५९ | उद्योग ठाउँसारी वा ठेगाना परिवर्तन गाउँपालिका भित्र | २५००। |
| ६० | उद्योग ठाउँसारी वा ठेगाना परिवर्तन गाउँपालिका बाहिर | ७५००। |
| ६१ | विद्यालय ठाउँसारी सिफारिस | ७५००। |
| ६२ | ब्यक्तिगत विवरण सिफारिस | ३००। |

| | | |
|---|---|---|
| ६३ | संरक्षक सिफारिस (व्यक्तिगत र संस्थागत) क्रमशः | २००। र ८००। |
| ६४ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | १००। |
| ६५ | कोठा खोल्ने वा घर खोल्ने कार्यमा रोहबर बस्ने कार्य | २००। |
| ६६ | निःशुल्क वा सःशुल्क स्वास्थ्य उपचार सिफारिस | २००। |
| ६७ | अन्य कार्यालयको माग अनुसारको विवरण खुलाई पठाउने कार्य | २५०। |
| ६८ | घरबाटो प्रमाणित/घरबाटो सिफारिस | ५००। |
| ६९ | विवाहित/अविवाहित प्रमाणित | ५००। |
| ७० | घर पातल प्रमाणित | १०००। |
| ७१ | कागज मञ्जुरीनामा प्रमाणित | ५००। |
| ७२ | हकदार प्रमाणित | १०००। |
| ७३ | जग्गा रेखाङ्कन र अन्य कार्यको रोहवर | ५००। |
| ७६ | जग्गाधनि प्रमाणपुर्जा सिफारिस | ५००। |
| ७५ | जग्गाधनि प्रमाणपुर्जा प्रतिलिपि सिफारिस/श्रेस्ता उतार सिफारिस | ५००। |
| ७६ | माथि उल्लेखित बाहेक सबै प्रकारका अङ्ग्रेजी सिफारिस | ५००। |
| ७७ | | |
| ७८ | खयर, साल, सिसौं, सिमल कटानी सिफारिस | प्रति गोटा खयर र साल १५००।<br>प्रति गोटा सिसौ र सिमल ३००।<br>र अन्य रुख कटानी सिफारिस २००। |
| ७९ | चालचलन सिफारिस | २५०। |
| ८० | ठेगाना/वारेश/मञ्जुरीनामा/खाता सिफारिस/अन्य साधारण सिफारिस | २००। |
| ८१ | कृषि तथा पशुपालन फर्म समूह दर्ता सिफारिस (वडा मार्फत) | ३००। |
| ८२ | नियम अनुसार काठ दाउरा निकासी सिफारिस | १५००। |
| ८३ | कन्सल्टेन्सी सूचिकृत | ५५००। |
| ८४ | जग्गा नापजांच | १५००। थप प्रति कित्ता ५००। |

| | | |
|---|---|---|
| ८५ | कन्सुलर प्रमाणित | २००। |
| ८६ | तमसुक प्रमाणित | ५००। |
| घर नक्सा पास दस्तुर | | |
| १ | अभिलेखीकरण | रु.२ प्रति स्क्वायर फिट |
| २ | नयाँ निर्माण | रु.४ प्रति स्क्वायर फिट |

## अनुसूची १६

१.पशुपंक्षी स्वास्थ्य सेवा दस्तुर (अन्य सेवा शुल्क तथा विक्री)

| | | |
|---|---|---|
| १ | कास्ट्रेशन | |
| | बहर ठुलो | ६५। |
| | बंगुर | ५५। |
| | बोका | ३५। |
| २ | गोबर परिक्षण | १०। |
| ३ | गर्भ परिक्षण | १००। |
| ४ | सुई/भ्याक्सिन लगाएको | १०। |
| ५ | स्वास्थ्य परिक्षण | ५०। |
| ६ | सिङ काटेको | |
| | ठुलो पशु | १५०। |
| | सानो पशु | ५०। |
| ७ | कृत्रिम गर्भाधान | |
| | ठुलो पशु | २५०। |
| | सानो पशु | १५०। |
| | घरमै सेवा | माथि उल्लेखित बाहेक थप १००। |
| ८ | ट्याग लगाउने | |

| | | |
|---|---|---|
| | ठुलो पशु | १००। |
| | सानो पशु | २०। |
| २.व्यक्तिगत घटनादर्ता सम्बन्धी | | |
| १ | जन्म दर्ता (३५ दिन पछाडीको मात्र) | २००। |
| २ | मृत्यु दर्ता (३५ दिन पछाडीको मात्र) | २००। |
| ३ | विवाह दर्ता (३५ दिन पछाडीको मात्र) | २००। |
| ४ | बसाईसराई आउनेको दर्ता (३५ दिन पछाडीको मात्र) | २००। |
| ५ | बसाईसराई जानेको दर्ता (३५ दिन पछाडीको मात्र) | १०००। |
| ६ | सम्बन्ध बिच्छेद (३५ दिन पछाडीको मात्र) | २००। |
| ७ | सबै घटना दर्ताको प्रतिलिपि | ५००। |
| अन्य व्यवस्था राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ बमोजिम गर्ने । | | |

३.सम्पति कर

| | | |
|---|---|---|
| १ | अचल सम्पति मूल्याङ्कन | मूल्याङ्कन अंकको ०.०५ प्रतिशत |

४.भूमि तथा मालपोत कर

| | | |
|---|---|---|
| १ | मालपोत करको प्रतिलिपि (अन्य प्रशासनिक सेवा शुल्क) | प्रति रसिद रु.५० |
| २ | मालपोत वक्यौता रकम | चालु आ.व.मा लाग्ने मालपोत रकम बरावर (प्रत्येक बर्ष सोही बमजिम करम थप हुँदै जाने) |

५.कृषि तथा पशुपन्छी जन्य बस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर

| | | |
|---|---|---|
| १ | खसी, बोका, बाख्रापाठा बिक्रि गरि जिल्ला बाहिर निकासी सिफारिस दस्तुर | प्रति गोटा रु ५० |
| २ | गाई, गोरु, भैंसी, राँगा, बंगुर बिक्रि गरि जिल्ला बाहिर निकासी सिफारिस दस्तुर | प्रतिगोटा रु.२०० |

६.बन पैदवारमा आधारित वस्तुको निकासी शुल्क

| | | |
|---|---|---|
| कुकाठ गोलाई | प्रति क्यु. फिट | रु. ५ |
| खयर, साल, सिसौ जातका काठ गोलाई | प्रति क्यु. फिट | रु. २५ |
| खयर, साल, सिसौ जातका काठ चिरान | प्रति क्यु. फिट | रु. ४० |

७.न्यायिक दस्तुर (प्रति)

| | |
|---|---|
| १.न्यायिक समितिमा विवाद दर्ता (दर्ता गर्नेले) | २५० |
| २.प्रतिउत्तर / लिखित जवाफ शुल्क | २५० |

८.व्यक्तिगत घटना शुल्क (प्रति)

| | |
|---|---|
| व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद,बसाइसराई प्रमाणित सेवा शुल्क ३५ दिन देखी ७० दिन सम्म) | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण नियमावली २०७७ को अनुसूची ३ बमोजिम |
| व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद,बसाइसराई प्रमाणित सेवा शुल्क ३५ दिन देखी ७० दिन पछि) | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण नियमावली २०७७ को अनुसूची ३ बमोजिम |
| व्यक्तिगत घटना दर्ता प्रतिलिपि | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण नियमावली २०७७ को अनुसूची ३ बमोजिम |
| व्यक्तिगत घटना दर्ता अभिलेख हेरेको दस्तुर | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण नियमावली २०७७ को अनुसूची ३ बमोजिम |

| | |
|---|---|
| विदेश प्रयोजनको लागि जन्म मृत्यु विवाह जस्ता सर्टिफिकेट दस्तुर प्रति पेज | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण नियमावली २०७७ को अनुसूची ३ बमोजिम |

नोटः तर बसाईसराईको हकमा बसाई सरी जानेको रु. १०००/ र बसाई सरी आउनेको हकमा रु. २००/ दस्तुर लाग्नेछ ।

९.परीक्षा दस्तुर (प्रति)

| | | |
|---|---|---|
| १ | श्रेणी विहिन | ५००। |
| २ | सहायक स्तर | १०००। |
| ३ | अधिकृत स्तर | १५००। |

१०.शिक्षा क्षेत्रको आम्दानी (प्रति)

| | | |
|---|---|---|
| १ | कक्षा ८ को ग्रेड सिट प्रतिलिपि | २००। |
| २ | नतिजा पुर्नयोग | प्रति विषय १००। |
| ३ | शिक्षक तथा अन्य कर्मचारी अभिलेखीकरण | |
| | प्रा.वि | ५००। |
| | नि.मा.वि. | १०००। |
| | मा.वि. | १५००। |
| | श्रेणीविहिन तथा अन्य कर्मचारी | ५००। |
| ४ | अडिटर सूचीकृत (शिक्षा क्षेत्र) | १०००। |
| ५ | ग्रेड सिट सच्याएको | २००। |

११.अन्य प्रशासनीक सेवा शुल्क (प्रति)

| | | |
|---|---|---|
| १ | बोलपत्र खरिद वापतको शुल्क | |
| | शिलबन्दी कोटेशन मार्फत रु.२०,००,०००।- सम्म | १०००।- |
| | राष्ट्रिय स्तरको बोलपत्र आव्हान रु.२०,००,००१।- देखी २,००,००,०००।- सम्म | ३०००।- |
| | २,००,००,००१ देखी ५,००,००,००० ।- सम्म | ५०००।- |
| | ५,००,००,००१।- देखी माथी | १००००।- |
| ३ | नक्सा किताव बापत शुल्क | ५००। |
| ४ | फर्म सूचिकृत | २००। |
| ५ | अडिटर सूचिकृत | १०००। |

१२.अन्य बिक्रिबाट प्राप्त आय

| | | |
|---|---|---|
| १ | माटो (प्रति घन मिटर) | २००।- |
| २ | बालुवा (प्रति घन मिटर) | ३६०।- |
| ३ | ढुङ्गा (प्रति घन मिटर) | ३६०।- |
| ४ | गिटि (प्रति घन मिटर) | ३६०।- |
| ५ | ग्रावेल (प्रति घन मिटर) | ३६०।- |

१३.सरकारी सम्पतीको बहालबाट प्राप्त आय

| | | |
|---|---|---|
| १ | ब्याकहो लोडर बहाल बापत (इन्धन सहित) | ३०००।प्रतिघण्टा |
| २ | ब्याकहो लोडर बहाल बापत (इन्धन बाहेक) | १४००।प्रतिघण्टा |

## अनुसूची १७

### स्वास्थ्य क्षेत्र तर्फ (अन्य राजस्व)

| क्र.सं. | सेवा | दस्तुर रु |
|---|---|---|
| १. | इमर्जेन्सी टिकट शुल्क | ५०। |
| २. | प्रोलिन धागोबाट सिलाई गरेको १ ग्रेडको घाउ | ३००। |

| | | |
|---|---|---|
| ३. | प्रोलिन धागोबाट सिलाई गरेको ग्रेड २ को घाउ | ४००। |
| ४. | प्रोलिन धागोबाट सिलाई गरेको ग्रेड ३ को घाउ | ५००। |
| ५. | साधारण धागोले सिलाएको | १००। |
| ६. | नेबुलाईजेसन | ५०। |
| ७. | क्यनुला लगाएको | १००। |
| ८. | फोलिज क्याथेटराईजेसन | २५०। |
| ९. | युरो ब्याग | १५०। |
| १०. | ई.सी.जी. | २००। |
| ११. | एक्सरे | ३००। |
| १२. | एन.जी. ट्युब राखेको | २००। |
| १३. | प्रहरी केस स्वास्थ्य तथा घाउ जांच परिक्षण | ३००। |
| १४. | CBC परिक्षण | २००। |
| १५. | Hb परिक्षण | ५०। |
| १६. | TC परिक्षण | ५०। |
| १७. | PIL परिक्षण | ५०। |
| १८. | ABO परिक्षण | ५०। |
| १९. | ESR परिक्षण | ५०। |
| २०. | BT परिक्षण | ५०। |
| २१. | CT परिक्षण | ५०। |
| २२. | VDR परिक्षण | २००। |
| २३. | HBsAg परिक्षण | २५०। |
| २४. | HCV परिक्षण | २५०। |
| २५. | HIV परिक्षण | निःशुल्क |
| २६. | UREA परिक्षण | २००। |
| २७. | CREATININE परिक्षण | १५०। |
| २८. | URIC ACID परिक्षण | १००। |
| २९. | TB परिक्षण | १००। |
| ३०. | DB परिक्षण | २००। |
| ३१. | SGOT परिक्षण | २००। |
| ३२. | SGPT परिक्षण | २००। |
| ३३. | AIP परिक्षण | १००। |

| | | |
|---|---|---|
| ३४. | T. Protein परिक्षण | १००। |
| ३५. | T. Albumin परिक्षण | १००। |
| ३६. | T. Cholesterol परिक्षण | २००। |
| ३७. | Tg परिक्षण | २००। |
| ३८. | HDL परिक्षण | १५०। |
| ३९. | LDL परिक्षण | १५०। |
| ४०. | VDL परिक्षण | १५०। |
| ४१. | AMYLASE परिक्षण | ३००। |
| ४२. | URINE परिक्षण | १००। |
| ४३. | UPT परिक्षण | १००। |
| ४४. | Stool R/E परिक्षण | १००। |
| ४५. | CRP/RA परिक्षण | १५०/१५०। |
| ४६. | ANAC Package | १०५०। |
| ४७. | T.T Injection | नि: शुल्क |
| ४८. | रेविज खोप | १०० । |

**नोट : स्वास्थ्य बिमा शुल्क वापतको रकम बिमा कम्पनी मार्फत प्राप्त आयलाई बिमा कम्पनीको नियमानुसार आम्दानी बाधिनेछ ।**

## अनुसूची १८

## जरिवाना, शुल्क र व्याज (हर्जाना) लाग्ने सम्बन्धी व्यावस्था

| क.स | कसुर | दण्ड जरिवाना (रु.) |
|---|---|---|
| १ | स्टेल, ढुंगा, गिट्टी बालुवा एवम् माटोजन्य पदार्थहरु उत्खनन् तथा बिक्रि अनुमति प्राप्त गर्ने व्यवसायी वा संस्थाले तोकिएको परिमाणभन्दा बढी उत्खनन् गरेमा वा अनुमति बेगर उत्खनन् गरेमा | उत्खनन् भएको परिमाण जफत गरि प्रति ट्र्याक्टर रु.१५,०००। र प्रति टिपर रु.२५,०००। जरिवाना |
| २ | स्टेल, ढुंगा, गिट्टी बालुवा एवम् माटोजन्य पदार्थहरु उत्खनन् तथा बिक्रि वितरण अनुमती बेगर प्रवेश गरेमा वा उत्खनन् गरेमा | उत्खनन् भएको परिमाण जफत गरि प्रति ब्यक हो लोडर रु.५०,०००। र प्रति एक्साभेटर रु.६५,०००। जरिवाना |

## ६.आगामी आ.वको लागि अनुमानित कर तथा गैर कर राजश्व रकम

| राजस्व शीर्षक | रकम रु मा |
|---|---|
| | आ.व २०८२/८३ को अनुमानित आय |
| सम्पती कर | २००,००० । |
| भुमिकर/मालपोत | ४५०,०००। |
| वहाल कर | २७५,०००। |
| वहाल विटौरी कर | ५५०००। |
| सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | २००,०००। |
| अन्य बिक्रीबाट प्राप्त रकम | ११,०००,०००। |
| अन्य सेवा शुल्क तथा बिक्री | ०। |
| न्यायिक दस्तूर | ५०,०००। |
| शिक्षा क्षेत्रको आम्दानी | ५०,०००। |
| परीक्षा शुल्क | १००,०००। |
| अन्य प्रशासनिक सेवा शुल्क | ३००,०००। |
| नक्सापास दस्तुर | २२०,०००। |
| सिफारिश दस्तुर | २,२००,०००। |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ३८०,०००। |
| नाता प्रमाणित दस्तुर | २५०,०००। |
| अन्य दस्तुर | ३००,०००। |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | १००,०००। |
| अन्य क्षेत्रको आय | २००,०००। |
| प्रशासनिक दण्ड, जरिवाना र जफत | २५०,०००। |
| अन्य राजस्व | ५०,०००। |
| व्यवसाय कर | ५५०,०००। |
| बेरूजू | ०। |
| जम्मा | १७,१८०,००० |

## ७.निष्कर्ष तथा सुझावहरु

निष्कर्ष:-

राजश्व संकलनमा मुख्यतया कर राजश्व तथा गैर कर राजश्व पर्दछन् । कर संकलन गर्दा स्थानीय तहले सबै प्रकारको कर लिन सक्दैन । नेपालको संविधानले स्थानीय तहलाई दिएको अधिकारको क्षेत्रभित्रको आर्थिक अधिकारको अधिनमा र संविधान बमोजिम तर्जुमा गरिएको स्थानीय सरकार संचालन ऐन,२०७४ द्वारा प्रदत्त आर्थिक अधिकारका आधारमा मात्र सालबसाली आर्थिक ऐन बनाई स्थानीय तहले कर लगाउन र उठाउन सक्दछन । अतः उल्लेखित करका आधारहरुको उपयोग गर्दै गाउँपालिकालाई आर्थिक रुपमा समृद्ध एवम् आत्मनिर्भर बनाउन राजश्वका सबै संभावना र क्षेत्रहरुको खोजी गर्दै प्रगतिशील र समतामूलक ढंगले करका दरहरु निर्धारण गर्नु आवश्यक देखिन्छ ।

सुधारका लागि केही सुझावः

- कर्मचारीहरुलाई राजश्व परिचालन सम्बन्धी क्षमता विकासका लागि आवश्यक तालिमको व्यवस्था गर्ने ।
- कर संकलनलाई सेव प्रवाहसँग आवद्ध गर्ने ।वडा कार्यालयहरुको क्षमता विकास गर्ने।
- राजश्व सुधार कार्ययोजना तर्जुमा गरी लागु गर्ने । आम नागरिकलाई कर तिर्ने बानीको बिकास गर्न पालिकाको समृद्धिका लागि करको महत्व विषयक सचेतना मूलक कार्याक्रमहरु प्रभाककारी रुपमा संचालन गर्ने ।
- नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकारको अधिनमा रही गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने सबै प्रकारका कर तथा गैर करको संभाव्यताको अध्ययन र विश्लेषण गरी क्रमश करको दायरा व्यापक बनाउदै लैजाने ।
- सबै वडा कार्यालयमा सम्पत्ति कर लागू गर्ने र सूचना प्रविधीको प्रयोग गरी व्यवस्थित बनाउने ।
- पुँजीको आधारमा वार्षिक व्यवसाय कर निर्धारण गर्ने ।
- करको दर घटाउने तथा दायरा बढाउने नीति लिने ।
- आन्तरिक आय असुलि सम्बन्धी कुनै विवाद आईपरेमा वा देखिएमा तत्काल समस्या समाधानका लागि राजश्व परामर्श समितिलाई प्रभावकारी रुपमा क्रियाशिल गराउने ।
- गाउँपालिकाको राजश्वको वृद्धिको लागी राजश्वको खोज, सम्भाव्य पहिचान, अनुसन्धान तथा परिचालनमा राजश्व परामर्श समितिलाई थप क्रियाशिल बनाउने ।
- राजश्व वृद्धिमा योगदान पुराउने क्षेत्रको समग्र विकासमा थप प्रभावकारी कार्यक्रमहरु संचालनमा ल्याउने ।

- अनाधिकृत रुपमा नदि खोलामा पसि नदिजन्य पदार्थको चोरि निकासीमा संलग्न व्यक्ति वा संस्था उपर शुन्य सहनशिलताको सद्धान्त अपनाई कडा कारवाहि गर्ने ।
- राजश्वको दायरालाई बिस्तार गर्नका लागि एक आ.वमा गाउँपालिका भित्रका पसल व्यवसायहरुको कम्तिमा चार पटक बजार अनुगमन गर्ने।
- राजश्वको क्षेत्र बिस्तार गर्न गाउँपालिका भित्र संचालनमा रहेका सबै व्यापार व्यवसायलाई करको दायरामा ल्याउने ।
- राजश्व संकलनलाई प्रभावकारी बनाउन स्थानीय राजश्व परामर्श समितिको क्षमता अभिबृद्धि कार्यक्रम संचालन गरि समितिलाई थप कृयाशिल बनाउने ।
- राजश्व छलि र चुहावटलाई नियन्त्रण गर्न नियमित अनुगमन गर्ने ।आन्तरिक नियन्त्रण प्रणालीलाई थप सशक्त र प्रभावकारी बनाउने ।
- गाउँपालिका भित्रका नदिजन्य समाग्री तथा दहत्तर बहत्तर लगायतको बिक्री तथा निकासी प्रणालीलाई व्यवस्थित तुल्याउन सम्भाव्य सबै क्षेत्रहरुलाई करको दायरामा ल्याउनका लागि सोको लागि बोलपत्र आव्हान गर्ने ।
- पालिका भित्र संचालित सम्पुर्ण आर्थिक कारोवारहरुलाई करको दायरामा ल्याउने ।

धन्यवाद

संयोजक - श्री डिल कुमारी के.सी. सारु मगर

सदस्य - श्री उज्वल बहादुर बस्नेत

सदस्य - श्री श्याम सुन्दर श्रेष्ठ

सदस्य - श्री तेजमाया इस्माली गाहा मगर

सदस्य सचिव - श्री कृष्ण प्रसाद दाहाल